आज मिति २०७९ साल जेठ महिनाको २० गते शुक्रबारको दिन दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा स्थानीय तह निर्वाचन, २०७९ पश्चात्को पहिलो कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/०२/१९ गते नगर प्रमुखज्यूबाट मिति २०७९/०२/२० गते स्थानीय तह निर्वाचन, २०७९ पश्चात्को नगर कार्यपालिकाको पहिलो कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | परिचयात्मक कार्यक्रम तथा नगरबासीलाई धन्यवाद ज्ञापन सम्बन्धमा । | • यस नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधि एवं कर्मचारीहरुवीच परिचयात्मक कार्यक्रम गरि नेपालको राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनमा सहादत प्राप्त गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा सम्पूर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गरियो । |
| २. | चालु आ.ब.को हालसम्मको प्रगति विवरण प्रस्तुत सम्बन्धमा । | • यस नगरपालिकाबाट २०७९ बैशाख मसान्तसम्म भएको कार्य सम्पादनको प्रगति प्रतिवेदन प्रस्तुति माथि छलफल तथा समिक्षा गरियो । |
| ३. | पदबहालीको निर्णयलाई अनुमोदन सम्बन्धमा । | • स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित नगर प्रमुख एवं उपप्रमुखको मिति २०७९/०२/०८ गते भएको पदबहालीमा गरिएको देहाय बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने ।<br>क. नगरपालिकाको प्रशासनिक भवन पूर्व निर्णयानुसार द.न.पा.५ स्थित चिन्ता गणेश स्थानमा निर्माण कार्य तत्काल अगाडी बढाउने ।<br>ख. आगामी पहिला दुई आर्थिक वर्ष नगरपालिकाले पूर्वाधार विकास वर्षको रुपमा कार्य गर्ने ।<br>ग. यस नगरपालिकाबाट हुने सेवा प्रवाह सरल र द्रुत रुपमा प्रवाह गर्ने । |
| ४. | स्थानीय राजश्व परामर्श समितिको सदस्य मनोनयन सम्बन्धमा । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (ग) बमोजिम स्थानीय राजश्व परामर्श समितिमा देहाय बमोजिमको सदस्यहरु मनोनित गर्ने ।<br>१. १ नं.वडा अध्यक्ष, श्री जय थापामगर<br>२. कार्यपालिका सदस्य, श्री लक्ष्मी भण्डारी पौड्याल |
| ५. | विषयगत समिति सञ्चालन कार्यविधि सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १५ मा भएको व्यवस्था अनुरुपका विषयगतगत समितिहरु सञ्चालन तथा व्यवस्थापनको लागि तयार भई पेश हुन आएको **"विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९"** स्वीकृत गर्ने । |
| ६. | विषयगत समितिहरु गठन सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १५ मा भएको व्यवस्था अनुरुप देहाय बमोजिमका विषयगत समिति गठन गर्नको लागि समन्वय गरी आगामी बैठकमा पेश गर्ने गरी उपप्रमुख श्री बसन्ती तामाङ डंगोललाई जिम्मेवारी प्रदान गर्ने ।<br>क) सुशासन तथा संस्थागत विकास समिति<br>ख) आर्थिक विकास समिति<br>ग) सामाजिक विकास समिति<br>घ) पूर्वाधार विकास समिति<br>ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति |

भोला प्रसाद थापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ७. | विविध । | • यस नगरपालिकामा कार्यरत श्री बाबुराम राउत लोकसेवा आयोग, खोटाङको विज्ञापन नं.११००१/०७५/०७६ खुला, ईन्जिनियरिङ सेवा, सिभिल समुह छैठो तह ईन्जिनियरिङ पदमा सिफारिस हुनु भएकोमा हाल यस कार्यालयमा ईन्जिनियर (अधिकृतस्तर छैठौं) मा कार्यरत रहेको हुदाँ बागमती प्रदेश सरकारद्वारा स्थानीय तह सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेश, २०७८ को दफा ६ बमोजिम स्थानीय ईन्जिनियरिङ सेवा, ईन्जिनियर सातौं तह कायम गर्ने ।<br>• यस नगरपालिकालाई पूर्ण खोप पालिका घोषणा गरी सकिएकोले सो को दिगोपना सुनिश्चितताको लागि पालिकास्तरीय खोप समन्वय समितिको निर्णयानुसार पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ (दोस्रो संस्करण २०७३) ले तोके बमोजिम स्वास्थ्य क्रियाकलापहरु गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिने र यस आ.ब.०७८/०७९ मा दक्षिणकाली नगरपालिकालाई पूर्ण खोप दिगोपना सुनिश्चितको घोषणा गर्ने ।<br>• आगामी आ.ब.२०७९/०८० को देहाय बमोजिमको बजेट कार्यक्रम तर्जूमा तालिका स्वीकृत गर्ने । |

| बार्षिक बजेट तथा कार्यक्रम तर्जूमा कार्य | समय सीमा |
|---|---|
| नेपाल सरकारवाट राजस्व बाँडफाँड र वित्तीय हस्तान्तरणको सीमा प्राप्ति | फाल्गुन मसान्त भित्र |
| प्रदेश सरकारवाट राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको सीमा प्राप्ति | चैत मसान्त भित्र |
| कूल स्रोत तथा खर्च अनुमान, बजेट सीमा निर्धारण, बजेट मार्गदर्शन तयारी, स्वीकृति एवम् महाशाखा/ शाखा र वडा कार्यालयमा सम्प्रेषण | जेठ २७ गते भित्र |
| वस्ती तथा टोलस्तरवाट छनौट/छनौट भएका आयोजना/ कार्यक्रम समेतको वडा समिति र बिषयगत माहाशाखा/शाखावाट आयोजना/कार्यक्रमको प्राथमिकीकरण | जेठ मसान्त भित्र |
| वडास्तरीय तथा बिषयक्षेत्रको बजेट तथा कार्यक्रमको प्रस्ताब बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस | असार २ गते |
| बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदा तयारी तथा कार्यपालिकामा पेस | असार ५ गते |
| बार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकावाट स्वीकृत गरी सभामा पेश | असार ७ गते |
| बार्षिक बजेट तथा कार्यक्रम उपर सभामा छलफल र अनुमोदन | असार १० गते |

भोला प्रसाद वापागाई
प्रमुख प्रशासकीय अधिकृत